नेपाल सरकार

## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(जनशक्ति विकास तथा स्थानीय तह अभिलेख शाखा)

# विज्ञ तथा प्रशिक्षार्थी स्रोत व्यक्तिहरु सुचिकृत गर्ने सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७४।८।२६)**

नेपालको संघीय शासन प्रणालीको संवैधानिक सोच अनुरुपका संरचनाको संस्थागत विकास गरी स्थानीय तथा प्रदेश सरकारलाई निसृत काम कर्तव्य र अधिकारको समुचित प्रयोगद्वारा सेवा प्रवाह, विकास व्यवस्थापन र सुशासनलाई प्रत्याभूत गर्न जननिर्वाचित पदाधिकारीहरु र तत् तत् तहमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्नुपर्ने आवश्यकता छ |

यस सन्दर्भमा प्रदेश तथा स्थानीय सरकारका विधायिकी, कार्यकारी र न्यायिक अधिकारहरुको प्रयोगका लागि क्षेत्रगत ज्ञान, सीप र दक्षता अभिबृदी गर्न यस मन्त्रालयको *स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले* चालु आ.व. २०७४ /७५ मा विभिन्न क्षमता विकास सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने लक्ष राखेको छ ।|

यस प्रयोजनका लागि (१) नेपालको संघीय प्रणाली र स्थानीय शासन (२)स्थानीय शासन सम्बन्धी नीति कानून तथा सार्बजनिक प्रशासन (३) सार्वजनिक वित्त तथा आर्थिक व्यवस्थापन (४)सहभागितात्मक योजना तर्जुमा तथा विकास व्यवस्थापन (५) नतिजामा आधारित योजना तर्जुमा, अनुगमन तथा मुल्यांकन (६) विधुतीय शासन प्रणाली, (७) सार्वजनिक उत्तरदायित्व तथा सुशासन (८) लैंगिक समानता तथा सामाजिक समावेशीकरण (९) वातावरण व्यवस्थापन, विपद् तथा जोखिम न्यूनीकरण, मौसम परिवर्तन (१०) शहरी तथा वस्ती विकास, भवन आचार संहिता, (११) क्षेत्रगत विकास (स्थानीय पूर्वाधार, स्वास्थ्य ,शिक्षा, कृषि, पशु आदि ) र (१२) न्यायिक कार्य, मध्यस्थता र मेलमिलाप जस्ता विषयगत क्षेत्रका देहायका दुई प्रकारका इच्छुक *नेपाली नागरिक*हरुको सुचि (Roster) तयार गरी आवश्यकता अनुसार स्थानीय तहको क्षमता विकासको प्रयोजनको लागि सेवा लिने प्रयोजनका लागि यो सुचना प्रकाशित गरिएको छ :

क) माथी उल्लेखित १२ क्षेत्र मध्य कुनै क्षेत्रमा विज्ञता भएका वा स्वतन्त्र परामर्शदाताहरु

ख) प्रशिक्षार्थी स्रोत व्यक्ती (Trainee Resource Person): मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा प्रथम श्रेणीमा उतीर्ण भइ स्नातकोत्तर गरेका (University's Fresh Masters Graduates with at least First Division grade) ।

आवश्यक न्युनतम योग्यता सम्वन्धि विस्तृत विवरण र आवेदन फाराम यसै मन्त्रालयको वेबसाइट www.lgcdp.gov.np/roster वा www.mofald.gov.np/roster मा उपलब्ध रहेको छ र आवेदितहरु मध्ये मूल्यांकनका आधारमा छनौट गरी स्वीकृत कार्यक्रम अनुसार सूचित गरिनेछ । तोकिएको योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरुले उक्त वेबसाइटमा रहेको फाराम निकाली मन्त्रालयमा पेश गर्न वा उल्लेखित वेबसाइटमा अनलाइन प्रणालीवाट समेत आवेदन भरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र पेश गर्न सकिनेछ | अनलाइनबाट पेश भएका आवेदन समेत मन्त्रालयमा दर्ता भएको मानिनेछ । फाराम भर्न सहयोग आवश्यक भएमा मात्र फो नं ०१ ४२५७५९६ वा ४२५७३८९ को एक्सटेन्सन नं १२२ वा ११७ मा सम्पर्क राख्न सकिनेछ ।

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

# स्रोत व्यक्तिहरुको सुचिकृत गर्ने सम्वन्धी सूचना

**नेपालको संविधानले सहकारिता, समन्वय, र सह-अस्तित्वमा आधारित संघिय शासन प्रणाली अवलम्वन गरेकोछ | संविधान वमोजिम संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरु रहने व्यवस्था भए वमोजिम ७५३ वटा स्थानीय तहहरु कायम भइ स्थानीय तहको निर्वाचन समेत सम्पन्न भैसकेको छ | संघिय शासन प्रणालीको सफल कार्यान्वयन गरी स्थानीय तथा प्रदेश सरकारलाई निसृत काम कर्तव्य र अधिकारको समुचित प्रयोगद्वारा सेवा प्रवाह, विकास व्यवस्थापन र सुशासनलाई प्रत्याभूत गर्न जननिर्वाचित पदाधिकारीहरु र तत् तत् तहमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्नुपर्ने आवश्यकता छ |**

यस सन्दर्भमा प्रदेश तथा स्थानीय सरकारका विधायिकी, कार्यकारी र न्यायिक अधिकारहरुको प्रयोगका लागि क्षेत्रगत ज्ञान, सीप र दक्षता अभिबृदी गर्न यस मन्त्रालयको *स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम*ले चालु आ.व. २०७४ /७५ मा विभिन्न क्षमता विकास सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने लक्ष राखेको छ ।|

यस प्रयोजनका लागि (१) नेपालको संघीय प्रणाली र स्थानीय शासन (२)स्थानीय शासन सम्बन्धी नीति कानून तथा सार्बजनिक प्रशासन (३) सार्वजनिक वित्त तथा आर्थिक व्यवस्थापन (४)सहभागितात्मक योजना तर्जुमा तथा विकास व्यवस्थापन (५) नतिजामा आधारित योजना तर्जुमा, अनुगमन तथा मुल्यांकन (६) विधुतीय शासन प्रणाली, (७) सार्वजनिक उत्तरदायित्व तथा सुशासन (८) लैंगिक समानता तथा सामाजिक समावेशीकरण (९) वातावरण व्यवस्थापन, विपद् तथा जोखिम न्यूनीकरण, मौसम परिवर्तन (१०) शहरी तथा वस्ती विकास, भवन आचार संहिता, (११) क्षेत्रगत विकास (स्थानीय पूर्वाधार, स्वास्थ्य ,शिक्षा, कृषि, पशु आदि ) र (१२) न्यायिक कार्य, मध्यस्थता र मेलमिलाप जस्ता विषयगत क्षेत्रका देहायका दुई प्रकारका इच्छुक *नेपाली नागरिक*हरुको सुचि (Roster) तयार गरी आवश्यकता अनुसार स्थानीय तहको क्षमता विकासको प्रयोजनको लागि सेवा लिने प्रयोजनका लागि यो सुचना प्रकाशित गरिएको छ :

क) माथी उल्लेखित १२ क्षेत्र मध्य कुनै क्षेत्रमा विज्ञता भएका वा स्वतन्त्र परामर्शदाताहरु

ख) प्रशिक्षार्थी स्रोत व्यक्ती (Trainee Resource Person): मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा प्रथम श्रेणीमा उतीर्ण भइ स्नातकोत्तर गरेका (University's Fresh Masters Graduates with at least First Division grade) |

आवश्यक न्युनतम योग्यता सम्वन्धि विस्तृत विवरण र आवेदन फाराम यसै मन्त्रालयको वेबसाइट www.lgcdp.gov.np/roster वा www.mofald.gov.np/roster मा उपलब्ध रहेको छ र आवेदितहरु मध्ये मूल्यांकनका आधारमा छनौट गरी स्वीकृत कार्यक्रम अनुसार सूचित गरिनेछ । तोकिएको योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरुले उक्त वेबसाइटमा रहेको फाराम निकाली मन्त्रालयमा पेश गर्न वा उल्लेखित वेबसाइटमा अनलाइन प्रणालीवाट समेत आवेदन पेश गर्न सकिनेछ | अनलाइनबाट पेश भएका आवेदन समेत मन्त्रालयमा दर्ता भएको मानिनेछ । फाराम भर्न सहयोग आवश्यक भएमा मात्र फो नं ०१ ४२५७५९६ वा ४२५७३८९ को एक्सटेन्सन नं १२२ वा ११७ मा सम्पर्क राख्न सकिनेछ ।

| क्र.स. | विषय क्षेत्र | आवश्यक शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १ | संघियता र स्थानीय शासन Nepalese federal system and governance | संघियता,स्थानीय शासन, कानुन, सार्वजनिक प्रशासन, समाज शास्त्र, वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण | | संघियता, विकेन्द्रीकरण स्थानीय शासन, सार्वजनिक सेवा प्रवाह जस्ता क्षेत्रमा १० वर्ष कार्य अनुभव भएको | तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको | |
| २ | स्थानीय शासन सम्बन्धी नीति | सार्वजनिक प्रशासन, कानून, राजनीति | स्थानीय शासन सम्बन्धी बिषयमा |

| | | | |
|---|---|---|---|
| | कानून तथा सार्बजनिक प्रशासन, Policies and Laws Regarding Local Governance and Public Administration | शास्त्र, ग्रामिण विकास, विकास प्रशाशन समाज शास्त्र, विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण \| | नीति, कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि, नीति, रणनीति) तर्जुमा कार्य, सजिकरण, तालिम तथा सार्वजनिक प्रशासनका क्षेत्रमा संगठन तथा व्यवस्थापन सर्भेक्षण, संगठनात्मक विकासका क्षेत्रमा कम्तिमा ७ बर्षको अनुभव भएको |
| ३ | सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी:<br>(a) Public Finance<br>(b)Public Financial Management<br>(c) Public Procurement | सार्वजनिक लेखा, वाणिज्य शास्त्र, वित्त व्यवस्थापन वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण \| | सार्वजनिक लेखा, वित्त व्यवस्थापन, स्थानीय राजस्व संकलन तथा परिचालन, सार्वजनिक खरिद व्यवस्थापन जस्ता क्षेत्रमा सरकारी तथा गैर सरकारी क्षेत्रमा कम्तिमा १० वर्षको कार्य अनुभव भएको \| तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको \| |
| ४ | सहभागितात्मक योजना तर्जुमा Participatory Planning | ग्रामिण विकास, विकास प्रशाशन समाज शास्त्र, वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण \| | सरकारी तथा गैर सरकारी संस्थामा रही विकास व्यवस्थापन कार्यमा कम्तिमा १० वर्षको कार्य अनुभव भएको \| तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको \| |
| ५ | नतिजामा आधारित योजना, अनुगमन ,मुल्यांकन<br>Results-based Planning, & Monitoring | तथ्यांक शास्त्र, मानविकी, इन्जिनियरिंग, ग्रामिण विकास, समाज शास्त्र विकास प्रशाशन वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण \| | सरकारी तथा गैर सरकारी संस्थामा रही विकास व्यवस्थापन, अनुगमन, मुल्यांकन कार्यमा कम्तिमा १० वर्षको कार्य अनुभव भएको \| तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको \| |
| ६ | विधुत्तीय शासन प्रणाली<br>E-governance | सूचना प्रविधि, विधुत्तीय शासन वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण \| | सूचना प्रविधि तथा विधुत्तीय शासन क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको \| तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको \| |
| ७ | सार्वजनिक/सामाजिक उत्तरदायित्व<br>Public /Social Accountability | कानुन, सार्वजनिक प्रशासन, समाज शास्त्र , मानविकी, ग्रामिण विकास वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण \| | सरकारी तथा गैर सरकारी संस्थामा रही विकास व्यवस्थापन, अनुगमन, मुल्यांकन, कार्यमा कम्तिमा १० वर्षको कार्य अनुभव भएको \| तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको \| |
| ८ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण<br>Gender Equality and Social | जनसंख्या तथा लैङ्गिक, ग्रामिण विकास, समाज शास्त्र, सामाजिक सेवा, विकास प्रशाशन, वा सम्वन्धित विषयमा मान्यता | सरकारी तथा गैर सरकारी संस्थामा रही लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यमा कार्यमा |

| | | | |
|---|---|---|---|
| | **Inclusion (GESI)** | प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण | | कम्तिमा १० वर्षको कार्य अनुभव भएको | तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको | |
| ९ | वातावरण व्यवस्थापन, विपत तथा जोखिम न्यूनीकरण, मौसम परिवर्तन, **Environment Management, Solid Waste Management, Disaster Risk Reduction and Climate Change Adaptation** | वन वातवरण, प्राकृतिक स्रोत व्यवस्थापन, जलबायु विज्ञान, वातावरण इन्जिनियरिंग, वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण | | सरकारी तथा गैर सरकारी संस्थामा रही वातावरण व्यवस्थापन, विपत तथा जोखिम न्यूनीकरण, मौसम परिवर्तन कार्यमा कम्तिमा १० वर्षको कार्य अनुभव भएको |तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको | |
| १० | शहरी तथा वस्ती विकास, भवन आचार संहिता **Urban Planning, Settlement Development, Building Codes** | शहरी विकास, सिभिल इन्जिनियरिंग, भौतिक पूर्वाधार व्यवस्थापन वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण | | सरकारी तथा गैर सरकारी संस्था, स्थानीय निकायमा रही शहरी तथा वस्ती विकास, भवन आचार संहिता क्षेत्रमा कार्यमा कम्तिमा १० वर्षको कार्य अनुभव भएको | तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र सीप भएको | |
| ११ | क्षेत्रगत विकास ( स्थानीय पूर्वाधार,शिक्षा, स्वास्थ्य, कृषि, पशु,आदि ) **Sectoral Development including LIP (Livelihood Improvement Programme) and LED (Local Economy Development)** | क्षेत्रीय विकास, शहरी विकास, स्थानीय पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु, वा सम्वन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण | | सरकारी तथा गैर सरकारी संस्थामा रही स्थानीय पूर्वाधार, स्थानीय अर्थतन्त्र, जीविकोपार्जन सुधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु, क्षेत्रमा कार्यमा कम्तिमा १० वर्षको कार्य अनुभव भएको | तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र शिप भएको | |
| १२ | न्यायिक क्षेत्र तथा मध्यस्थता **Judiciary & Mediation** | कानुन, सामुदायिक मेलमिलाप वा सम्वन्धित- विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातकोत्तर उतिर्ण | | न्याय कानुन तथा सामुदायिक मेल मिलाप क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको | तालिम, सेमिनार सहजीकरण सम्वन्धि व्यवहारिक ज्ञान र शिप भएको | |

**विश्वविद्यालयबाट हालसालै स्नातकोत्तर गरेका प्रशिक्षार्थी श्रोतव्यक्ति: (Trainee Resource Person- Fresh Masters Graduate):**

(क) माथी उल्लेखित १२ वटा विषय क्षेत्रसँग सम्बन्धित विषयमा कम्तिमा प्रथम श्रेणी वा ग्रेडिंग प्रणालीको GPA ३ प्राप्त गरी उतिर्ण गरि स्नातकोत्तर (Master's Degree) गरेकाले तालिम लिई मन्त्रालयबाट स्वीकृत कार्यक्रम अनुसार परिचालन हुने गरी आवेदन दिन सक्नेछन् र निजहरुको हकमा अनुभवलाई अनिवार्य गरिएको छैन |

**विविध:**

**(क) मन्त्रालयले यस सूचना बमोजिमको कार्य उपलब्ध बजेट र आवश्यकतानुसार मात्र गराउने र सूचिकृत भएकै आधारमा करार गरी काम गर्ने कुनै दावी पेश गर्न पाइने छैन।**

**(ख) यसमा उल्लेख भएका विषय बाहेकमा प्रचलित खरिद सम्बन्धित कानूनमा उल्लेख भए बमोजिमका सबै शर्तहरु लागू हुनेछन्।**